आजमिति २०७७।०६।०४ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा बैठक तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

Scanned by CamScanner

प्रस्तावहरु

प्रस्ताव नं. १ विद्यालय सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ बेरोजगार व्यक्तिको सूचिकरण सम्बन्धमा ।

प्रस्ताव नं. ३ कोभिड-१९ अस्थायी अस्पताल सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ४ खानेपानी पाइप खरीद तथा भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ५ बाटो खुलाउने सम्बन्धमा ।

प्रस्ताव नं. ६ नौविसे-नयाबस्ती खानेपानी आयोजना सम्बन्धमा ।

प्रस्ताव नं. ७ कवाडी समानको कर उठाउने सम्बन्धमा ।

प्रस्ताव नं. ८ सामाजिक उत्तरदायित्व बजेट तथा बातावरण प्रभावको सम्बन्धमा ।

प्रस्ताव नं. ९ काठेपुल निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १० निर्माण भई बाकि रहेको नदिजन्य पदार्थ (गिटी, बालुवा) सम्बन्धमा ।

प्रस्ताव नं. ११ गरिब घरधुरी संकलनको तलब सम्बन्धमा ।

प्रस्ताव नं. १२ भ्कोलुङ्गे पुल निर्माण सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा यस गाउँपालिका भित्र रहेका सामुदयिक तथा नीजि विद्यालय सञ्चालन तथा व्यवस्थापन तपलिश बमोजिम गर्ने निर्णय गरियो ।

तपलिशल

**क.** नेपाल सरकारको नीति तथा निर्देशनको पारिपालना गर्दै विश्वव्यापी रुपमा फौलिएको कोभिड-१९ को संक्रमण हुन नदिने गरि शिक्षा शाखाको समन्वयमा सामुदायिक तथा निजि विद्यालयहरु सञ्चालन तथा व्यवस्थापन गर्ने र विद्यालय सञ्चालन नहुन्जेल सम्बन्धीत विद्यालयका शिक्षकले शैक्षिक सुधार योजना बनाउने, प्र.अ सँग समन्वय गरी कार्य गर्ने, योजना बनाउने जस्ता आन्तरिक व्यस्थापकिय कार्यहरु गर्ने ।

**ख.** यस पलिका भित्र कार्यरत शिक्षकहरु मध्ये अन्य जिल्लाबाट आएका शिक्षकहरुलाई होम क्वारीन्टीनमा बस्नु पर्ने साथै अन्य जिल्लाबाट आएका सम्पूर्ण शिक्षकहरुको PCR गाउँपालिकाबाट गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्र्तगत यस गाँउपालिकामा आर्थिक बर्ष २०७७/०७८ को लागि मिति २०७६ चैत्र १ देखि ९ गते सम्म र २०७७ श्रावण ८ देखी भाद्र ७ गते सम्म सबै वडा कार्यालय बाट बेरोजगार फारम भरेका कुल ३८८ जना र आर्थिक बर्ष २०७६/०७७ सालमा सूचीकरण भएका ४६७ जना मध्ये नबिकरण फारम भरेका ३७४ गरि जम्मा ७६२ जना बेरोजगार ब्यक्तिहरुलाइ बेरोजगार सूचिमा सूचीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३** माथि छलफल गर्दा कोभिड-१९ महामारी व्यवस्थापन गर्नु ५ शैयाको अस्थायी अस्पतालबाट सेवा सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकारबाट रु.१० लाख विनियोजन भई बजेट प्राप्त भएको सन्दर्भमा अस्थायी अस्पताल सञ्चालन गर्न तपशिल बमोजिमका कार्यहरु गर्ने गरि निर्णय गरियो ।

तपशिल

**क.** यस गाउँपालिकाको वडा नं. ५ को बोगटीटारमा रहेको सामुदायिक स्वास्थ्य भवनमा पाँच शैयाको अस्थायी अस्पताल सञ्चालन गर्ने ।

**ख.** अस्पताल सञ्चालन गर्न आवश्यक पर्ने तपशिलका कर्मचारीहरु सेवा करार लिन यथासिघ्र सूचना प्रकाशन गरि कार्य प्रक्रिया अगाडि बढाउने साथै उक्त जनशक्तिको सेवा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

| क्र.स | पद | तह | सेवा/समुह | सख्या |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | आठौं | नेपाल स्वास्थ्य /ज.हे.स | १ |
| २ | स्टाफ नर्स | पाँचौ | नेपाल स्वास्थ्य/नर्सिङ | २ |
| ३ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन सामान्य प्रशासन | १ |

**ग.** अस्थायी अस्पताल सञ्चालन गर्न आवश्यक सामाग्रीहरुको खरिद गर्ने प्रक्रियालाई अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**घ.** पासाङ ल्हामु राजमार्गको उपयुक्त ठाउँबाट उक्त अस्थायी अस्पताल सम्म सडक बाटोका जाड्ने ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस वर्ष भएको भारि वर्षाको कारण विभिन्न स्थानमा बाढी पहिरो आई खानेपानीको पाइप लाइन तथा सिचाँइ भत्किएको हुँदा खानीपानी सञ्चालन गर्न तत्कालै वितरण गर्नु पर्ने भएकोले खानीपानीको पाइप खरिद गरि वितरण गर्ने, जिल्ला समन्वय समितिले यस गाउँपालिकालाई तारजाली उपलब्ध गराइएकोले उक्त तारजालीको ढुवानी रकम गाउँपालिका स्वयमले वेहोर्ने साथै यस गाउँपालिकाको २ नं.वडा डाँडागाउँमा ठुलोढुँगा सहित पहिरो जान लागेकोले तत्कालै पहिरो नियन्त्रणको लागि पाइपलाईन बाट पानी कटाई पहिरो नियन्त्रण गर्नुपर्ने भएकोले यी कार्यहरु गर्न रु.५ लाख सम्म विपद व्ययवस्थापन कोषबाट खर्च लेख्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Scanned by CamScanner

**निर्णय नं. ५ प्रस्ताव नं. ५** माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको वडा नं. ३ ठुलोगाउँमा भिषण वर्षाको कारण बाटो अवरुद्ध भएकोले बाटो खुलाउन लागेको खर्च करीब रु. २५०००।०० - ( अक्षेरुपी पच्चीस हजार मात्र) रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस नौबिसे-नयाबस्ती खानेपानी आयोजना संचालन गर्न रु. ५०,००,०००।०० (अक्षेरुपी पचास लाख मात्र) प्रदेश सरकारबाट रकम विनियोजन भई बजेट प्राप्त भएको सन्दर्भमा उक्त खानेपानी आयोजना संचालन गर्ने भनि स्थानीय व्यक्तिले तयार गरेको मुचुल्का सहित खानेपानीको मुहान कालीखोला पुच्छार हुनेभनी प्राप्त भएकोले सोहि मुहानलाई नै खानेपानी योजनाको मुहान एकिन गर्ने र उक्त आयोजना नियम अनुसार टेन्डर प्रक्रियाबाट अगाडि बढाउन गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ प्रस्ताव नं. ७** माथि छलफल गर्दा यस गाउँपालिकाको विभिन्न स्थानमा रहेका तपशिलका हाइड्रोपावरहरुले यस पालिकाका विभिन्न ठाउँबाट कवाडी सामानहरु बेचबिखन गर्दा पालिकालाई कवाडी वापतको कर तिरेर मात्र कवाडी सामानहरुको निकासी तथा ढुवानी गर्नु पर्ने कानूनी व्यवस्था भएकोले सोहि अनुसार यस गाउँपालिका वा सम्बन्धीत वडा कार्यालयलाई कवाडी निकासी कर बुझाएर मात्र निकासी तथा ढुवानी गर्न तपशिल उल्लेखित हाइड्रोपावहरु लाई परिपत्र गर्ने निर्णय गरियो ।

तपशिल

१. माथिल्लो त्रिशुली १ (२१६

२. माथिल्लो मैलुङ जलविद्युत

३. त्रिशुली 3A

४. मैलुङ जलविद्युत आयोजना (५ मेगावट)

**निर्णय नं. ८ प्रस्ताव नं. ८** माथि छलफल गर्दा त्रिशुली 3B ले सामाजिक उत्तरदायित्व बजेट तथा बातावरण प्रभाव वापतको बजेट यस गाउँपालिकासँग समन्वय गरि यथासिघ्र कानूनी प्रक्रिया अगाडि बढाउन कार्यान्वयन गर्न परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ प्रस्ताव नं. ९** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत बर्षातको समयमा आवतजावत गर्न विभिन्न स्थानमा निर्माण भएका ५ वटा काठेपुलहरुलाई प्रति काठेपुल १५०००।०० ( अक्षेरुपी पन्ध्र हजार मात्र) का दरले भुक्तानी दिर्ने निर्णय गरियो ।

**निर्णय नं. १० प्रस्ताव नं. १०** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेको निर्माण सम्पन्न भएको त्रिशुली 3A जलविद्युत आयोजना निर्माण भई बाकि रहेको नदि जन्य पदार्थ (गिटी, बालुवा) यस

Scanned by CamScanner

गाउँपालिकालाई हस्तान्त्रण गर्न परिपत्र गर्ने अथावा उक्त नदिजन्य पदार्थ जलविद्युत कम्पनी आफैले विक्री गरेमा निकासी वाफतको कर प्रति क्यू. फिट रु. ९ (अक्षेरुपी नै मात्र) का दरले गाउँपालिकालाई बुझाएर मात्र निकासी तथा उपयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ११ प्रस्ताव नं. ११** माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत गरिबघर धुरी संकलनको कार्यमा खटाईएका सुपरीवेक्षक सहित संकलकहरुले नियमित रुपमा कार्य गरेको र कोभिड १९ को कारण काममा केही बाधा उत्पन्न भएको र यस गाउँपालिका मा २०७२ सालको भुकम्प विस्थापित बस्ती अन्यन्त्र स्थानमा अस्थायी बसोवास गरी रहेका नागरिकहरुको लागि विवरण संकलन गर्न समेत कार्य अवधि बढी हुन गएको हुदा २०७७ श्रावण महिनामा समेत कार्य गरेकोले उक्त कार्यमा खटिएका ४ जना कै २०७७ श्रावण महिनाको १ महिनाको थप तलब भत्ताको व्यवस्थापन गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ प्रस्ताव नं. १२** माथि छलफल गर्दा यस गाउँपालिका भित्र तपशिलका स्थानमा डि.पी. आर बनाई झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

१. १ नं. वडाको रारे खोला ।

२. २ नं. वडाको करेली खोला ।

३. ३ नं. वडाको तोर्मेखोला सालिम भित्ता

४. यस गा.पा को वडा नं. ३ लयुङ र किस्पाङ गा.पा. जोड्ने छिमेर खोला

Scanned by CamScanner